जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)–०३९/०४०

# नवीन साप्ताहिक

म.नि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४२ अंक ४४ २०८१ साल असार ९ गते आइतवार (23 June 2024 Sunday) मूल्य रु. ७/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र* – **पृष्ठ २ मा :** पाँच वर्षदेखी फलामे सिक्रिमा बाँधेर ...**पृष्ठ ३ मा :** 'मेगाथ्रेट्स' : वैश्विक प्रणालीलाई ..**पृष्ठ ४ मा :** मधेस प्रदेशमा कृषि विद्युतीकरण.. **पृष्ठ ५ मा :** प्रोग्रेसिभ युवा क्लबलाई एन्फा लिग..

## मतदाता नामावलीप्रति ६ जिल्लाका सभापति तथा दुई जिल्लाका सचिवद्वारा आपत्ति



**राजविराज**/नेपाल पत्रकार महासंघ केन्द्रीय निर्वाचन समितिले मिति २०८१/०३/०७ गते संध्याबेलामा निर्वाचन तालिकासँगै मतदाता नामावली सार्वजनिक गरेको मधेश प्रदेशका ८ वटै जिल्ला शाखाहरुको गम्भीर ध्यानाकर्षण भएको छ ।

आठ मध्ये ६ वटा जिल्ला सभापति तथा धनुषा र महोत्तरी जिल्लाका सचिवद्वारा शनिबार जारि संयुक्त विज्ञप्तिमा निर्वाचन तालिकामा विधान अनुरुप जिल्ला, प्रदेश र केन्द्रको मनोनयन कार्यक्रम तथा समयावधिको समेत पालना नगरिएको देखिएको उल्लेख छ ।

विप्ज्ञितमा नेपाल पत्रकार महासंघको सुर्खेत साधारण सभाले सदस्यता शुद्धिकरण गर्न समिति बनाउँदै जिल्ला शाखाहरुलाई निर्देशन दिएकोमा त्यस अनुरुप देशै भरका शाखाहरुले बिभिन्न तनाव खेपेर भए पनि सदस्यता शुद्धिकरण गरेर पठाएको उल्लेख छ ।

विज्ञप्तिमा "केन्द्रले आफूखुशी सदस्यता थप गरी निर्वाचन समितिलाई सदस्यता नामावली बुझाउनु "विधानको बर्खिलाप" हो भन्ने हाम्रो ठहर रहेको छ । यसले केन्द्रीय अध्यक्ष र महासचिव समग्र संस्था भन्दा माथि भएको र निरंकुश बनेको हाम्रो ठहर छ ।" उल्लेख छ ।

महिना दिनअघि सार्वजनिक गरिएको सदस्यताको सूचीले ठूलो विवाद भई महासंघको केन्द्रिय कार्यालयमा तालाबन्दी हुँदा अध्यक्ष विपुल पोखरेलले सूची आधिकारिक होइन भन्दै बिज्ञप्ती निकालेको भन्दै उक्त विज्ञप्तीमा सदस्यता नामावली सच्याउने प्रतिबद्धता गरेर ताला खुलाईए पनि त्यहीं सूची राखेर निर्वाचन समितिलाई बुझाउनुले केन्द्रले आफ्नो गलत चरित्रलाई आफैं उदांगो पारेको विज्ञप्तिमा जनाइएको छ ।

विज्ञप्तिको अन्तमा केन्द्रले बलजफ्ती थपेका नामहरु नहटाई, शुद्धिकरणको नाममा जिल्ला र प्रदेशले गरेको मिहिनेतलाई बेवास्ता गरी थोपरिएको मतदाता नामावली र विधानलाई मिचि प्रकाशित निर्वाचन तालिका अनुसार निर्वाचनका कार्यक्रम अगाडी बढाईए मधेश प्रदेशका जिल्ला शाखाहरुमा निर्वाचन गराउन नसक्ने जानकारी समेत गराइएको छ ।

## डाक्नेश्वरीमा चार दल आन्दोलनमा उत्रे

**राजविराज**/सप्तरीको डाक्नेश्वरी नगरपालिका चार राजनीतिक दल नगरपालिकाको बेथिति बिरुद्ध आन्दोलनमा उत्रेका छन् ।

१४ बुँदे माग अघि सार्दै नेपाली काँग्रेस, नेकपा माओवादी केन्द्र, जसपा र लोसपाका स्थानीय नेता तथा कार्यकर्ताले संयुक्त आन्दोलन संघर्ष समिति नै गठन गरि आन्दोलनमा उत्रेका हुन् ।

पत्रकार सम्मेलनको आयोजना गरि चार दलले पहिलो चरणको आन्दोलन कार्यक्रमको घोषणा समेत गरे ।

जसअनुसार असार ८ गते शनिबार साँझ नगरमा मसाल जुलुस प्रदर्शन तथा ९ देखी १२ असारसम्म लगातार चार दिन कार्यालयको मूल गेटमै धर्ना बस्ने कार्यक्रम तय गरिएको छ ।

संघर्ष समितिले पत्रकार सम्मेलनमा १४ बुँदे माग समेत अघि सार्दै सो अवधीमा पनि सम्बोधन नगरि दोश्रो चरणमा आन्दोलनका थप सशक्त कार्यक्रमहरु अघि बढाउने निर्णय गरेको समितिका सदस्य समेत रहेका नेपाली काँग्रेसका नगर सभापति नारायण यादवले जानकारी दिए ।

आन्दोलन माग पुरा नभएसम्म जारि रहने जसपा नगर समितिका उपाध्यक्ष ओमप्रकाश यादवले बताए । संघर्ष समितिले नगर शिक्षा ऐन संशोधन, राजनीतिक प्रतिशोधको आधारमा गरिएको सरुवा खारेजी, पालिकाको आयव्यय सार्वजनिक, आर्थिक अनियमितताको छानबिन र भ्रष्ट कर्मचारीमाथी कारवाही गर्न माग गरेको छ ।

यस्तै आ.ब. २०७९/८० मा कोरोना महामारी शिर्षकमा गरिएको आम्दानी खर्च विवरण, आ.ब. २०७९/८० र २०८०/८१ मा खरीद गरिएको औषधी र सेनेटरी प्याडको आम्दानी खर्च विवरण, २०८०/८१ मा स्वास्थ्य शाखा, कृषि तथा पशु स्वास्थ्य शाखा र शिक्षा शाखामा भएको

***बाँकी अन्तिम पृष्ठमा***

## समावेशी प्रमाणितका लागि निवेदन आवश्यक नपर्ने

**राजविराज**/जिल्ला प्रशासन कार्यालय सप्तरीले समावेशी प्रमाणितका लागि निवेदन आवश्यक नपर्ने जनाएको छ ।

प्रमुख जिल्ला अधिकारी मेखबहादुर मंग्रातीद्वारा जारि सूचनामा सो कुरा उल्लेख गरिएको छ ।

सूचनामा सेवालाई प्रभावकारी, नागरिकमैत्री र गुनासोरहित बनाई सेवाग्राहीमैत्री कार्यालयको रुपमा विकास गर्दै लैजाने प्रयोजनार्थ सो निवेदन आवश्यक नपर्ने उल्लेख छ ।

सूचनामा समावेशी प्रमाणितको लागि आउने सेवाग्राहीहरुले निवेदन लेख्नु नपर्ने, वडा कार्यालयबाट प्राप्त सिफारिसमै निवेदनमै निवेदकको व्यहोरा जनाई सेवा दिइने व्यवस्था मिलाइएको जनाइएको छ ।

यस्तै सो कार्यालयले अर्को सूचना प्रकाशित गर्दै आ.ब. २०८१/८२ को साउन महिनादेखी सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभाग्राहीहरुलाई राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य गरिएकोले जिल्लाको थप चार स्थानबाट सो सेवा प्रवाह हुने व्यवस्था मिलाइएको जनाइएको छ ।

प्रशासकीय अधिकृत सन्तोष रायद्वारा जारि सूचनामा जिल्ला प्रशासन कार्यालय सप्तरीबाट मात्र सेवा प्रवाह गर्दा सेवाग्रहीको चाप बढी भई सेवाप्रवाह गर्न कठिनाई भएकोले सेवाग्राहीको सहजताका लागि इलाका प्रशासन कार्यालय बोदेबसाईन, राजगढ गाउँपालिका, तिलाठी कोइलाडी गाउँपालिका र सुरुङ्गा नगरपालिकामा राष्ट्रिय परिचयपत्र विवरण दर्ता गराउन सक्ने उल्लेख छ ।

बोदेबर्साइन नगरपालिका, खडक नगरपालिका, डाक्नेश्वरी नगरपालिका र बलान बिहुल गाउँपालिकाका सेवाग्राहीले असार ४ गतेदेखी असार १०

***बाँकी अन्तिम पृष्ठमा***

## छुट्टाछुट्टै सडक दुर्घटनामा एक जनाको मृत्यु दुई घाइते

**राजविराज**/सप्तरीको छुट्टाछुट्टै स्थानमा भएको सडक दुर्घटनामा परि एक जनाको मृत्यु भएको छ भने दुई जना घाईते भएका छन् ।

जिल्लाको हनुमानगर कंकालिनी नगरपालिका ३ गिदखोराको महुली पुल स्थित ना.५ख. ३६१९ नम्बरको यात्रुबाहक बसले पैदल यात्रीलाई ठक्कर दिदा पैदल यात्रीको घटनास्थलमै मृत्यु भएको छ ।

त्यसैगरी कंचनपुर बेरियर चौक नजिक शनिबार दुई यात्रु बाहक बस एक आपसमा ठक्कर खादा दुई जना घाईते भएका छन् ।

बेरियरचौक भन्दा १०० मिटर पूर्व तर्फ पूर्व-पश्चिम लोकमार्गमा बिराटनगरबाट बिरगंजतर्फ जादै गरेको ना.५ ख.११७६ नम्बरको यात्रुबाहक बस र सिन्धुलिबाट काकडभिट्टातर्फ जादै गरेको मे.१.ख.१९९४ नम्बरको यात्रु बाहक बस एक आपसमा ठोकिदा दुई जना घाईते भएको इलाका प्रहरी कार्यालय कञ्चनपुरले जनाएको छ ।

प्रहरीका अनुसार काकडभिट्टा जाने बसमा सवार सिरहा नगरपपालिका-१९ बस्ने ३० बर्षको प्रकाश चन्द्र सिंहको हाथ भाँचिएको छ भने धनुषा नगरपालिका २ बस्ने मनोज कुमार यादवको हाथ र छातिमा चोट लागेको प्रहरीले जनाएको छ ।

घाईते दुबै जनाको कञ्चनरुप नगरपालिका-१२ स्थित धर्मेश्वर हस्पिटलमा उपचार भई रहेकोमा सिंहलाई थप उपचारका लागि बिराटनगर स्थित नोबेल अस्पताल पठाएको प्रहरीले जनाएको छ ।

सोही कञ्चनरुपको वडा नं.२ स्थित महादेवपट्टि चौकमा पुर्व बाट पश्चिम तर्फ गईरहेको प्रदेश नं.१-०१-००१ ख ४१४१ नम्बरको मुनाल नामको यात्रुबाहक बसले शनिवार दिउँसो १ बजेको समयमा सोही ठाँउ बस्ने देवलाल मुखियाको २७ बर्षिय छोरा उमेश मुखियालाई ठक्कर दिई घाईते बनाएको छ ।

**बाइढस' बचै खातिर सावधानी अपनाबू**

१. गरगहना, कागजपत्र, दवाइ, जग्गाधनी पुर्जा, नागरिक्ता, पैसा टका ईत्यादि निकस' राखू ।
२. पाइनके निकास व्यवस्थित करुं, उँच स्थानमे जायवाला सुरक्षित रास्ता आ आश्रय स्थल पहिचान पहिनै करु ।
३. आपत्कालिन सम्पर्कके लेल वाड अध्यक्ष, स्थानीय आपत्कालिन कार्य सञ्चालन केन्द्र, बिपद् व्यवस्थापन समिति, पुलिस, स्वास्थ्य कार्यकर्ता आ एम्बुलेन्सके मोबाइल नम्बर राखू ।
४. जल तथा मौसम विज्ञान विभागके मनसून बुलेटिन एवम् आपत्कालिन सूचनाके विषयमे जानकारी राखू ।
५. अपन घर, टोलपडोस तथा समुदायसङ्गे सुरक्षित निकास, आश्रय स्थल तथा विपद् प्रतिकार्यके लेल तैयारी रहू ।
६. बाइढके विषयमे पूर्व सूचना हेतु निःशुल्क नम्बर ११५५, १११४ आ आपत्कालिन उद्धार तथा सुरक्षाके लेल १०० मे सम्पर्क करु ।
७. पूर्व सावधानी अपनाके बाइढस' होयबाला क्षतिस' अपनो बचू आ दोसरोके बचाबू ।



मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण

## सम्पादकीय

### मधेशको लाइफ लाइन कहिले सम्पन्न हुने !

मधेशको लाइफ लाइने भनिने हुलाकी सडकको निर्माण कार्य विगत एक दशकदेखी भइरहेको छ । लामो समयदेखी सडकहरु निर्माण कार्य भइरहदा समेत अझै सम्पनन हुन सकेको छैन् । जसअन्तरगत सप्तरीमा पर्ने हुलाकी राजमार्ग अन्तरगतका सडकहरुको काम लगभग सम्पन्न हुने अवस्थामा पुगेको छ । तर, निर्माण हुन नसकेका केही सडकहरु अहिले निकै कहालिलाग्दो अवस्थामा पुगेको छ । ती सडकमा वर्षाको बेला आवतजावत नै ठप्प हुने गरेको छ । सवारीसाधनहरु बीच बाटोमै हिलोमा फस्ने गरेको छ । जिल्लाको सिरहा रोडस्थित हुलाकी मार्गमा अहिले सोही समस्याका कारण सवारीसाधनहरुले निकै सास्ती ब्यहोर्नु परिरहेको छ ।

राजविराजस्थित राम मन्दिरदेखी छिन्नमस्ता डेरीसम्मको बाटो निर्माण कार्य ढिलो भएर सूचारु भएपनि सम्पन्न हुन अझै केही समय लाग्ने छ । त्यस्तै राजविराज कै हनुमान मन्दिरदेखी चनौरासम्मको बाटोको निर्माण कार्यमा पनि ढिलाई भइरहेको छ ।

यी अधुरा सडकहरुको निर्माण कार्य सम्पन्न भएपछि सप्तरी जिल्लाबाट अन्य जिल्ला पुग्न छोटो समय लाग्ने र भारतीय सीमानाबाट समानहरु निर्यात र आयात गर्न सजिलो हुने विश्वास गर्न सकिन्छ । तसर्थ विकासीय कार्यमा कोही कसैले अवरोध नगरि यस्ता कार्यमा सबैको सहयोग आवश्यक छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# पाँच वर्षदेखी फलामे सिक्रिमा बाँधेर राखिएका युवकको उद्दार



**राजविराज**/विगत पाँच वर्षदेखी फलामे सिक्रिमा बाँधेर राखिएका एक युवकको मंगलबार उद्दार गरिएको छ ।

सप्तरीको शम्भुनाथ नगरपालिका ७ निवासी ६० वर्षिया एकल महिला एश्वरी देवी चौधरीका माइला छोरा २२ वर्षिय प्रविणलाई मानव सेवा आश्रम जनकपुर नामक संस्थाले उद्दार गरेको हो ।

औषधी उपचार गराउन नसकेर लामो समयदेखी प्रविणको खुट्टामा बाँधिएको फलामे सिक्रि मधेश प्रदेशका पूर्व शिक्षा मन्त्री समेत रहेका प्रदेश सांसद महेश प्रसाद यादवले खोलेका थिए ।

उद्दारका क्रममा मधेश प्रदेशका वन राज्य मन्त्री रन्जु मण्डल, प्रदेश सांसद महेश प्रसाद यादव, प्रमुख जिल्ला अधिकारी मेखबहादुर मंग्राती, प्रहरी उपरिक्षक गजुसिद्धि बज्राचार्य, राष्ट्रिय अनुसन्धानका प्रमुख सुरेन्द्र कोइराला लगायतको पनि उपस्थिति रहेको थियो ।

उनको घरमै पुगेको आश्रमको सचिव सुमन बर्तौला, आश्रमका मधेश प्रदेश इन्चार्ज विवेक महतो, आश्रमका प्रतिनिधि सन्तोष थापामगर, इन्सेक सप्तरीका प्रतिनिधि मनोहर पोखरल लगायतको टोलीले उनको उपचार तथा व्यवस्थापनका लागि मानव सेवा आश्रम जनकपुर लगेका छन् ।

सुस्त मनस्थितिका आफ्ना छोरालाई आर्थिक अभावका कारण औषधी उपचार गर्न नसकेर एकल महिला समेत रहेकी ६५ वर्षिया आमा एश्वरीले विगत ५ वर्षदेखी छोरा प्रविणलाई खाटमा फलामे सिक्रिले बाँधेर राख्न बाध्य भएकी थिइन् ।

सुस्त मनस्थितिका छोरालाई चोटपटक नलागोस् र बाहिर गएर कसैसँग झै झगडा नगरोस् भनेर यसरी सिक्रिले बाँधेर राख्नु परेको आमा एश्वरीले बताउँदै आएकी थिइन् । यसरी सिक्रिमा बाँधिएर जिवन बिताइरहेका प्रविण बारे समाचार राजविराज दैनिकमा प्रकाशन भएपछि ध्यानाकर्षण भई उनको उद्दारसहित उपचार व्यवस्था मिलाउने तयारी भएको आश्रमका मधेश प्रदेश इन्चार्ज महतोले बताए ।

१७ वर्षको उमेर हुदा अचानक छोरा सुस्त मनस्थिती रोगले पीडित भएका थिए । सो विपतले आफूलाई परेको तनाव कम नहुँदै त्यसको केही दिनपछि नै जेठो छोरा रविन पनि बेपत्ता भएको उनले बताइन् । रवीनको अवस्था हालसम्म अज्ञात छ ।

कान्छो छोरा संतोष भने हाल काठमाडौमा ज्याला मजदुरी गर्दै आएका छन् । एउटा छोरा सुस्त मनस्थितीले बिरामी र अर्को बेपत्ता भएपछि शोकमा डुबेका बुबा परशुराम चौधरीको २०७७ साल चैत २६ गते निधन भएपछि चौधरी परिवारमा अर्को विपत्ति आइपर्‍यो । छोराहरुको शोक मै उनको निधन भएको एश्वरी बताउँछिन ।

१५/१६ वर्ष सम्मका हुदाँ छोरा स्वस्थ्य र फुर्तिलो भएपनि १७ वर्षको लाग्दा अचानक समस्या देखिन थालिएको उनले बताईन । सम्पतीको नाममा उनको ३ धुरमा बनेको फुसको २ वटा झुप्रो छन । समस्या परेका वेला सोही जग्गा देखाएर उनले गाउँ कै एक बचत सहकारी संस्थाबाट ५ हजार ५ सय रुपैया ऋण सापटी पनि लिएकी छिन ।

# जिल्ला बाल क्लवले पालिका प्रमुखहरुलाई बुझाए घोषणापत्र



**राजविराज**/बाल अधिकार सुनिश्चिततताको लागि हाम्रो अभियान मुल नारा रहेको घोषणापत्र बुधबार बिभिन्न पालिकाका प्रमुखहरुलाई हस्तान्तरण गरिएको छ ।

जिल्ला बाल क्लवका अध्यक्ष सलमा खातुनको नेतृत्वमा सप्तरी जिल्लाका १८ वटै पालिकाका प्रमुखहरुलाई १२ बुँदे घोषणा पत्र हस्तान्तरण गरिएको हो ।

नगरसभा, गाँउसभामा बालवालिकालाई प्राथमिकतामा राखि नीति तथा कार्यक्रमहरु समावेश गर्ने उद्देश्यका साथ बुधबार खडक नगरपालिका तथा सुरुङगा नगरपालिकाका नगर प्रमुखलाई घोषणा पत्र हस्तान्तरण गरिएको जनाइएको छ ।

उक्त अवसरमा दुवै पालिकाका नगर स्तरीय बाल क्लवका सदस्यहरु तथा सबल नेपालका कर्मचारीहरु सहभागि रहेको थियो ।

सबल नेपालको विशेष पहल एवं सप्तरी जिल्ला बाल क्लव तथा पूर्व बाल क्लव सदस्यहरुद्धारा गत जेष्ठ २० र २१ गते जिल्लाको राजविराजमा प्रथम जिल्ला सम्मेलनको आयोजना गरी १२ बुँदे घोषणा पत्र जारि गरिएको थियो ।

## सप्तरीका रमणीय ठाउहरुबारे तपाईंलाई थाहा छ ?

सप्तरी जिल्ला पर्यटकीय गन्तव्यका लागि आकर्षक छ । तर, यसबारे धेरैलाई जानकारी छैन् । धार्मिक पर्यटकदेखि रमणीयस्थलहरु छन् ।

धार्मिक पर्यटनमा मुलुककै प्रसिद्ध एवं चर्चित छिन्नमस्ता मन्दिर यहीं जिल्लामा छन् । छिन्नमस्ता गाउँपालिकामा अविस्थत यो मन्दिरमा पूजापाठ गर्न टाढा टाढाबाट व्यक्तिहरु आउने गर्छन् । मन्दिर अगाडि रहेको पोखरी, पिकनिक स्पोर्ट, धर्मशाला समेत यहाँ रहेको छ ।

**कंकालिनी मन्दिर** : हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १ भारदहस्थित यो मन्दिर पनि मुलुककै चर्चित देवी मन्दिर हो ।

**शम्भुनाथ मन्दिर** : यो शम्भुनाथ नगरपालिकाभित्र छ । मन्दिरकै नामबाट पालिकाको नामांकरण समेत गरिएको छ । यहाँ बिक्रम सम्वत्को नयाँ साल अर्थात् बैशाख १ गतेदेखि एक महिनासम्म ठूलो मेला लाग्ने गर्दछ । साउन महिनामा श्रद्धालुको ठूलो घुइँचो यहाँ लाग्ने गर्दछ ।

**हनुमान मन्दिर** : हनुमानगर कंकालिनी नगरपालिकाको हनुमाननगर बजारमा पुरानो हनुमान मन्दिर छ । कालो हनुमान मन्दिर पुग्दा जोकोहि पनि मोहित हुन्छन् । जिल्लामा अन्य धेरै देवी देवताका मन्दिरहरु छन् ।

**कोशी टप्पु** : कोशी टप्पु वन्यजन्तु आरक्ष पनि यहीं जिल्लामा छन् । कंचनरुप नगरपालिकास्थित आरक्षमा गैंडासहित बिभिन्न वन्यजन्तुहरुको अवलोकन गर्न सकिन्छ ।

**धारापानी क्षेत्र** : चुरको कोखमा रहेको यो धारापानी क्षेत्र कंचनरुप नगरपालिकामा रहेको छ । यो ठाउँ पिकनिक मनाउनका लागि राम्रो स्थल मानिन्छ ।

**लोहजारा दह** : तिरहुत गाउँपालिकामा रहेको छ यो दह । यो ठाउँ पिकनिक मनाउनका लागि प्रसिद्ध मानिएको छ यो ठाउँ । यी ठाउँहरुको अवलोकन गरौं र मनलाई प्रसन्न बनाऔं ।

**सप्तरीका पर्यटकीय स्थलहरुको संरक्षणमा आ-आफ्नो तर्फबाट योगदान पुऱ्याऔं ।**

जनहीतका लागि
उद्योग, बाणिज्य तथा पर्यटन मन्त्रालय मधेश प्रदेश
पर्यटन विकास कार्यालय लहान, सिरहा

# ‘मेगाथ्रेट्स’ : वैश्विक प्रणालीलाई सङ्कट पार्न सक्ने १० प्रमुख थ्रेट्स र समाधान

**केशव खतिवडा**

मेगा थ्रेट्स अवधारणाको प्रतिपादन टर्किस मूलका अमेरिकी अर्थशास्त्री तथा नीति विश्लेषक न्योरियल रोउबिनीले सन् २०२२ मा उनीद्वारा लिखित पुस्तक ‘मेगाथ्रेट्स’मार्फत गरेका हुन् ।

रोउबिनीका अनुसार आर्थिक, राजनीतिक, वातावरण, वित्तीय तथा मौद्रिक, भूराजनीतिक, सूचना प्रविधिजस्ता क्षेत्रमा आएको एकल वा एकभन्दा बढी साझा वा विश्वव्यापी सङ्कट नै ‘मेगाथ्रेट्स’ हो । जसले ग्लोबल प्रणालीलाई नै सङ्कटग्रस्त बनाउन सक्ने अत्यन्त ठुलो जोखिमलाई जनाउँछ; ठुलो हानि-नोक्सानी पुऱ्याउँछ । रोउबिनीले सन् २००८ र २००९ को ‘सब-मोर्गेज’ (धितो धरौटी) सङ्कटको पूर्वानुमान गरेर आफ्नो विशेष पहिचान बनाएका हुन् ।



आफ्नो पुस्तक ‘मेगाथ्रेट्स’मा रोउबिनीले मुख्यतः १० वटा खतरा वा सङ्कटका बारेमा विशेष महत्त्वका साथ चर्चा गरेका छन् । उनका अनुसार ग्लोबल प्रणालीलाई सङ्कट पार्न सक्ने १० प्रमुख थ्रेट्स देहायबमोजिम छन् ।

**१) राजनीतिक अस्थिरता**

राजनीतिक अस्थिरता विश्वव्यापी चुनौतीका रूपमा देखिन्छ, जसले कानुनी राज्यलाई कमजोर मात्रै बनाउँदैन, जन असन्तुष्टि पनि बढाउँछ; भ्रष्टाचार र सामाजिक द्वन्द्व बढाउँछ । साथै कूटनीतिक सम्बन्धमा खलल पुग्नुका साथै अन्तर्राष्ट्रिय सम्बन्ध कमजोर बन्दै जान्छ ।

**२) आर्थिक सङ्कट**

राजनीतिक अस्थिरताले आर्थिक स्थायित्व कायम हुन दिँदैन । छिटोछिटो सरकार परिवर्तन भइरहनाले वित्तीय नीतिहरूमा पनि फेरबदल भइरन्छ । परिणामस्वरूप वित्तीय बजार, बैङ्किङ प्रणालीमा उतार-चढाव सिर्जना हुन पुग्छ । लगानीको वातावरण हुँदैन । औद्योगिकीकरणको गति सुस्त हुन्छ र बेरोजगारी समस्यामा वृद्धि हुन्छ ।

**३) साइबर खतरा**

साइबर आक्रमण, डेटाहरू चुहावट वा चोरी हुनेजस्ता समस्याका साथै इन्टरनेट र सामाजिक सञ्जालको दुरुपयोग हुने खतरा बढ्छ । अनलाइन अपराधको वृद्धि हुन्छ । जसका कारणले व्यक्ति, संस्था र राष्ट्रको सुरक्षामाथि गम्भीर चुनौती सिर्जना हुन्छ ।

**४) सामाजिक असमानता**

धनी र गरिबबिचको बढ्दो दूरीले समाजलाई विभाजित गर्छ, जसले सामाजिक मनोविज्ञानमा विभाजन मात्रै ल्याउँदैन, द्वन्द्व समेत सिर्जना गर्छ र सामाजिक अपराधलाई बढाउँछ ।

**५) भूराजनीतिक द्वन्द्व**

भूराजनीतिक द्वन्द्व वर्तमान विश्वको ठुलो चुनौती बन्दै गएको छ । खासगरी आर्थिक सहयोगका नाममा हुने दबाबहरू, व्यापारसँग सम्बन्धित विवादहरू र युद्ध तथा आर्थिक नाकाबन्दीले एकातर्फ राष्ट्रिय सुरक्षामा खतरा उत्पन्न गरेको छ भने अर्कातर्फ अन्तर्राष्ट्रिय सम्बन्धमा खलल पुगेको छ ।

**६) जनसाङ्ख्यिक परिवर्तन**

विगतमा जनसङ्ख्या वृद्धिलाई ठुलो चुनौतीका रूपमा लिने गरिन्थ्यो । अब जनसाङ्ख्यिक परिवर्तन विकसित मुलुकका लागि ठुलो चुनौती बन्न पुगेको छ । विवाह नगर्ने, ढिलो विवाह गर्ने, बच्चा नजन्माउने वा एउटा मात्र जन्माउनेजस्ता प्रवृत्ति देखिएका छन् । यसले जनघनत्व घट्दै जाने, वृद्धहरूको सङ्ख्या बढ्दै जाने, उनीहरूलाई हेरचाह गर्ने सन्तान नहुने, जनसाङ्ख्यिक लाभ घट्नेजस्ता समस्या देखिएका छन्; समाजमा आर्थिक र सामाजिक चुनौती बढ्दै गएका छन् ।

**७) प्राविधिक चुनौती**

आर्टिफिसियल इन्टेलिजेन्स वा रोबटिक्सको विकास र वृद्धिले रोजगारीक क्षेत्रमा ठुलो चुनौती ल्याएको छ ।

*बाँकी चार पृष्ठमा*


लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं ।

**अनुरोधकर्ता**
**शम्भुनाथ नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
सप्तरी, मधेश प्रदेश






अनुरोधकर्ता
**महादेवा गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**






अनुरोधकर्ता
**छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

# मधेस प्रदेशमा कृषि विद्युतीकरण कार्य अगाडी बढाउन छलफल

**धनुषा**/मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले मधेस प्रदेशका आठ वटै जिल्लामा कृषि विद्युतीकरणको काम अगाडि बढाउन छलफल सुरु गरेका छन् ।

उनले नेपाल विद्युत् प्राधिकरणका मधेस प्रदेश प्रमुख मोनिन्द्र ठाकुरलगायतसँग यस विषयमा छलफल गरेका हुन् ।

किसानलाई सिँचाइको सुविधा सहज बनाउन खेतमा विद्युत् पु¥याउने लक्ष्यअनुरुप मुख्यमन्त्री सिंहले छलफल अगाडि बढाएको उनका निजी सचिवालयले जनाएको छ ।

प्रदेश सरकारले ल्याएको आगामी आर्थिक वर्षको बजेटमा पनि कृषि विद्युतीकरणलाई प्रदेशको गौरवको परियोजनाको रूपमा समावेश गरिएको छ ।

आठवटै जिल्लाका प्रत्येक निर्वाचन क्षेत्रमा विद्युतीकरणका लागि एक करोड विनियोजन गरिएका बारे मुख्यमन्त्रीले जानकारीसमेत गराएको विद्युत् प्राधिकरणका मधेस प्रदेश प्रमुख ठाकुरले बताए । उनले भने, "मुख्यमन्त्रीले किसानका लागि कृषि विद्युतीकरणको कार्य कसरी अगाडि बढाउन सकिन्छ भन्ने विषयमा राय लिए । पुराना अव्यवस्थित तार र संरचनालाई व्यवस्थापन गर्न पनि ध्यानाकर्षण गराएका छन् ।"

यसैगरी बिजुली बत्ती नपुगेका विपन्न बस्तीको तथ्याङ्क सङ्कलन गरी त्यहाँ विद्युत् पुगाउने विषयमा पनि छलफल भएको थियो ।

मुख्यमन्त्री सिंहले यहाँका विपन्न घरपरिवारलाई निःशुल्क विद्युत् मिटर उपलब्ध गराउन राखेको प्रस्तावमा प्राधिकरण सकारात्मक भएको प्रमुख ठाकुरले जानकारी दिए ।

## 'मेगाथ्रेट्स' : वैश्विक...

रोबटिक्सको प्रयोगले हुने मजदुरहरूको कटौती र त्यसले सिर्जना गर्ने बेरोजगारीले सामाजिक अपराध, द्वन्द्व र जन असन्तुष्टि बढ्दै जाने सम्भावना छ ।

**८) जलवायु परिवर्तन**

जलवायु परिवर्तन विश्वको साझा समस्या बन्दै गएको छ । जस कारण तापक्रममा वृद्धि हुने, समुद्र सतह बढ्दै जाने, अनपेक्षित वा बेमौसमी विपत्का घटना घट्ने गरेका छन्; यसले जनजीविका र वातावरणमा ठुलो समस्या सिर्जना गरेको छ ।

**९) स्वास्थ्यजन्य सङ्कट**

महामारीका रूपमा सङ्क्रामक रोगहरू विश्वव्यापी रूपमा फैलने खतरा बढ्छ । जसले जनस्वास्थ्यमा गम्भीर प्रभाव पार्छ । जस्तै : कोरोना महामारीले विश्वलाई तहसनहस बनाएको थियो ।

**१०) आपूर्तिमा अस्थिरता**

राष्ट्रिय रूपमा आपूर्ति शृङ्खलाजस्तै अन्तर्राष्ट्रिय रूपमा पनि आपूर्ति शृङ्खलाको प्रवाह निरन्तर हुन्छ । जसले उत्पादनदेखि वितरणसम्मका प्रक्रिया र प्रणाली नियमित गर्छ । यो प्रणालीमा समेत अस्थिरता र असन्तुलन सिर्जना भई उद्योग, व्यापार, वाणिज्यजस्ता क्षेत्रमा विश्वव्यापी रूपमा गम्भीर समस्या सिर्जना हुन्छ ।

यसरी सम्भावित सङ्कटको पूर्वानुमान गर्दै आएका रोउबिनीले 'मेगाथ्रेट्स'का कारण र समाधानका उपाय समेत प्रस्तुत गरेका छन् । हरेक देशका नीति निर्माताले यस विषयमा समयमै अध्ययन, विश्लेषण र मूल्याङ्कन गरेको खण्डमा सम्भावित थ्रेट्सलाई न्यूनीकरण गर्न सकिने प्रबल सम्भावना देखिन्छ ।

रोउबिनीले आफ्नो पुस्तक 'मेगाथ्रेट्स'मा यसबाट उत्पन्न हुने खतरालाई सामना गर्न नीति-निर्माता तथा व्यवसायीलाई देहाय बमोजिमका सुझाव दिएका छन् ।

**क) राजनीतिक स्थिरता कायम गर्ने**

अधिकांश समस्याको समाधान राजनीतिक स्थिरताले दिन्छ । राजनीतिक स्थिरताले आर्थिक स्थायित्व कायम गर्छ । राजनीतिक स्थिरतामा नेतृत्वले उच्च नैतिकता, प्रजातान्त्रिक मूल्य-मान्यता, विधिको शासन तथा सुशासनको प्रत्याभूतिद्वारा जनअसन्तुष्टिको सम्बोधन गर्नुपर्छ ।

**ख) वित्तीय सुधार**

वित्तीय सुधारबिना आर्थिक सङ्कटको समाधान र गतिशील स्थिरता सम्भव छैन । यसका लागि केन्द्रीय बैङ्कमार्फत बैङ्कहरूको नियमनलाई कडा र पारदर्शी बनाउनुका साथै आर्थिक जोखिम व्यवस्थापनका उपायलाई थप सुधार गर्नुपर्छ; वित्तीय अनुशासन र पारदर्शिता कायम गर्दै वित्त नीतिमार्फत सरकारी नियमनलाई सशक्त बनाउनुपर्छ ।

**ग) साइबर सुरक्षा**

प्रविधिको सम्भावित दुरुपयोगलाई रोक्न साइबर सुरक्षामा भरपर्दो उपाय अवलम्बन गर्नुपर्छ । यसका लागि साइबर आक्रमणलाई रोक्ने, उच्च गोपनीयता कायम गर्ने, डेटाहरूको सुरक्षाको भरपर्दो व्यवस्था गर्ने, सर्वसाधारणमा साइबर सुरक्षासम्बन्धी सचेतना फैलाउने, साइवर अपराधसम्बन्धी कडा कानुनी व्यवस्था गर्नेजस्ता कार्य गर्नुपर्छ ।

**घ) सामाजिक समानता**

समाजमा आर्थिक रूपले हुने असमानतालाई न्यूनीकरण गर्न थप रोजगारीको अवसर सिर्जना गर्नुपर्छ । न्यूनतम ज्याला निर्धारण गर्ने, शिक्षा र स्वास्थ्यमा सर्वसाधारणको पहुँच पु¥याउन, सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयन गर्ने, प्रगतिशील कर प्रणाली अवलम्बन तथा नागरिकलाई समान अवसर प्रदान गर्नेतिर राज्य लाग्नुपर्छ ।

**ङ) भूराजनीतिक सन्तुलन**

उच्चस्तरको कूटनीतिक कौशलता र सन्तुलित परराष्ट्र नीतिमार्फत भूराजनीतिक द्वन्द्वहरूलाई समाधान गर्नुपर्छ । अन्तर्राष्ट्रिय कूटनीतिक सहकार्य र सार्थक सहभागितालाई औचित्यपूर्ण बनाउन, अन्तर्राष्ट्रिय मामिलाहरूलाई पारस्परिक हित अनुकूल सञ्चालन गर्न राज्य लाग्नुपर्छ ।

**च) जनसङ्ख्या व्यवस्थापन**

जनसाङ्ख्यिक लाभ बढाउन, वृद्धहरूको हेरचाह गर्न, स्वास्थ्य सेवा तथा सामाजिक सुरक्षासम्बन्धी ठोस नीति अवलम्बन गर्न राज्य लाग्नुपर्छ ।

**छ) प्रविधिलाई अवसरमैत्री बनाउने**

आर्टिफिसियल इन्टेलिजेन्स वा प्रविधिले सिर्जना गरेको मजदुरहरूको सङ्ख्या कटौतीको समस्यालाई समाधान गर्न श्रमिकलाई थप दक्ष तथा प्रविधिमैत्री बनाउँदै लैजानुपर्छ । श्रमिक र रोबोटको सन्तुलित प्रयोगका लागि कानुनी रूपमा सुनिश्चितता प्रदान गर्नुपर्छ ।

**ज) जलवायु परिवर्तनलाई नियन्त्रण गर्ने**

विश्वव्यापी समस्या बन्दै गएको जलवायु परिवर्तनलाई नियन्त्रण गर्न नविकरणीय ऊर्जाको प्रयोग बढाउने, हरित ग्यासको उत्सर्जनलाई घटाउने, हरित अर्थतन्त्र निर्माणको दिशामा काम गर्ने, वातावरण संरक्षणमा अन्तर्राष्ट्रिय सहकार्य बढाउनेजस्ता कार्य गर्नुपर्छ ।

**झ) स्वास्थ्यमा सुधार**

स्वास्थ्य र शिक्षाको क्षेत्रमा लगानी वृद्धि गर्ने, स्वास्थ्य सचेतना बढाउने, स्वास्थ्यसम्बन्धी पूर्वाधारको थप विकास गर्ने, सङ्क्रामक रोगहरूको रोकथाम गर्ने तथा सर्वसाधारणको स्वास्थ्य सेवामा पहुँच बढाउन स्वास्थ्य सेवालाई सर्वसुलभ बनाउने आदि कार्यक्रम राज्यसँग हुनुपर्छ ।

**ञ) आपूर्ति शृङ्खला**

आपूर्ति शृङ्खलाको अस्थिरतालाई कम गर्न उत्पादनमा विविधीकरण गर्नुपर्छ । स्थानीय उत्पादनको प्रवर्द्धन र नवप्रवर्द्धनमा जोड दिनुपर्छ । उत्पादन र वितरणका क्षेत्रमा हुने जोखिममा न्यूनीकरण गर्न बिमा व्यवस्था आदि लागु गर्नुपर्छ ।

**पोलिक्राइसिस र मेगा थ्रेट्स**

पोलिक्राइसिस र मेगाथ्रेट्स दुवै ग्लोबल प्रणालीका विशेष सङ्कट हुन् । जसले वर्तमान विश्वको अस्थिरता र हाँकलाई चित्रण गर्छ ।

पोलिक्राइसिसले जटिल सङ्कटहरूको अन्तर्क्रियाबाट एकै समयमा एकसाथ उत्पन्न हुने बहुसङ्कटलाई जनाउँछ । यो अवस्थामा एउटा सङ्कटले अरु सङ्कटलाई एकसाथ सिर्जना गर्छ । विश्व प्रणालीलाई थप जटिल र अस्थिर बनाउँछ । पोलिक्राइसिसको समाधान गर्नका लागि एकसाथ बहुसङ्कटहरूको समाधान गर्नुपर्ने हुँदा निकै कठिन र जटिल हुन्छ ।

मेगाथ्रेट्सले एउटै तर विशाल सङ्कटलाई जनाउँछ, जुन सङ्कटले ठुलो मात्रामा हानि-नोक्सानी पु¥याउँछ । मेगाथ्रेट्स पोलिक्राइसिसको तुलनामा स्वायत्त हुन्छ, प्रभाव वा असर भने विशाल हुन्छ अर्थात् विश्वव्यापी वा ठुलो क्षेत्रमा यसको असर पर्छ । जस्तै : कोभिड १९ को महामारी, ठुलो म्याग्निच्युटको भूकम्प इत्यादि ।

मेगाथ्रेट्सको समाधान गर्न एकल सङ्कट समाधान गर्नेतर्फ केन्द्रित हुनुपर्छ । त्यसकारण समाधान गर्ने हिसाबले यो पोलिक्राइसिसको तुलनामा सरल छ ।

रातोपाटीबाट



## महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन् । यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ । यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ । महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुन्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ । यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ । यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ । परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । घरेलु हिंसाको कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ । आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन् । राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन् । समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन ।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिवाह प्रथाको अन्त्य गरिनुपर्छ । त्यसका लागि महिला हिंसा विरुद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरुद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरुद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ ।

**जनहीतका लागि : छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने व्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने व्यवस्था गरेको छ । उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने व्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

**अनुरोधकर्ता**

**खडक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी**

# प्रोग्रेसिभ युवा क्लबलाई एन्फा लिग २०८१ को उपाधी



**राजविराज**/एन्फा लिग २०८१ को उपाधी प्रोग्रेसिभ युवा क्लब ओद्राहाले जितेको छ ।

सप्तरीको सप्तकोशी नगरपालिकाको ओद्राहामा सम्पन्न फाईनल खेलमा हिरोज स्पोटिङ्ग क्लब बरमझियालाई टाइब्रेकरमा ४-२ गोल अन्तरले हराउदै प्रोग्रेसिभ युवा क्लबले उपाधि जितेको हो ।

निर्धारित समय सम्म दुबै टिमबाट १/१ गोल भई खेल बराबरीमा टुङ्गिएपछि विजेताको छिनोफानो टाईब्रेकर प्रणालीबाट गरिएको हो । जसमा प्रोग्रेसिभ युवा क्लबले सफलता पायो ।

सो अवसरमा प्रमुख अतिथि अखिल नेपाल फुटबल संघ (एन्फा) का राष्ट्रिय अध्यक्ष पंकज बिक्रम नेम्वाङले फुटवल खेलको विकासका लागी बिभिन्न कार्यक्रमहरु संचालनमा ल्याइएको बताए ।

राष्ट्रिय, प्रदेश र जिल्ला स्तरको प्रतियोगिता गर्ने, तल्लो तहमा फुटबल प्रशिक्षण गर्ने, फुटबलका गतिविधीलाई गाउँ/गाउँमा लैजाने लगायतका कार्य योजनाका साथ आफू अघि बढेको उनको भनाई थियो ।

प्रतियोगिता समाप्तीपछि जिल्ला फुटवल संघ सप्तरीका अध्यक्ष राजकुमार परियारको अध्यक्षतामा आयोजित समापन समाहरोमा प्रमुख अतिथी एन्फा अध्यक्ष नेम्वाङ, सप्तकोशी नगरपालिकाका मेयर कृष्ण ढकाल लगायतले विजयी खेलाडीहरुलाई पुरस्कार वितरण गरेका थिए ।

अखिल नेपाल फुटबल संघ (एन्फा) को सहयोग तथा फुटवल संघ सप्तरीको आयोजनामा संचालित प्रतियोगितामा कुल ९ टिमको सहभागिता रहेको थियो ।

# बसको ठक्करबाट युवकको मृत्यु

**राजविराज**/सप्तरीको कञ्चनरूप नगरपालिका महादेवपट्टिमा बसको ठक्करबाट एक युवकको मृत्यु भएको छ ।

कञ्चनरूप नगरपालिका वडा २ स्थित महादेवपट्टि चौकमा पूर्वबाट पश्चिमतर्फ जादै गरेको प्रदेश नं.१-०१-००१ ख ४१४१ नम्बरको यात्रुवाहक बसले गत शनिबार दिउँसो स्थानीय २७ बर्षिया उमेश मुखियालाई ठक्कर दिएको हो ।

बसको ठक्करबाट गम्भिर घाइते भएका युवकलाई उपचारका लागि धर्मेश्वर हस्पिटल लगिएकोमा त्यहा चिकित्सकले मृत घोषित गरेको थियो ।

बसका चालकलाई इलाका प्रहरी कार्यालय कञ्चनपुरले नियन्त्रणमा लिएको छ भने घटना बारे थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय कंचनपुरले जनाएको छ ।


## डेंगुबाट बचौं

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहिरुमा असहय पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

**सुरुङ्गा नगरपालिका, सप्तरी**


## साइबर क्राइम

**पृष्ठभूमी**

बर्तमान समय सामाजिक संजालको युग हो । फेसबुक, मेसेन्जर, हवाटसएप, भाइबर, ट्वीटर, इमोजस्ता सामाजिक संजालको प्रयोग व्यक्तिले गरिरहेका छन् । सामाजिक संजालले प्रयोगकर्तालाई सहज बनाएको छ । मानिस जुनसुकै देश र स्थानमा रहेपनि प्रत्यक्ष भैं कुराकानी गर्न पाएका छन् । तर, सामाजिक संजालले जति सहजता उत्पन्न भएको छ, त्यत्ति नै यसको दुरुपयोग गरेर अपराध कर्म पनि हुन थालेको छ । जसलाई साइबर अपराध भनिन्छ ।

अन्य अपराधभन्दा यसको प्रकृति र शैली बिलकुल फरक छ भने यसको प्रभाव पनि शक्तिशाली र आम रूपमा हुन्छ । विद्युतीय प्रविधिको गलत प्रयोगले निम्त्याउने यो अपराध अन्य अपराधभन्दा भिन्न शैलीको छ । इन्टरनेटको प्रयोगमार्फत गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, इन्टरनेट फ्रड (धोकाधडी), अर्काको पहिचान अनाधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड तथा एकाउन्ट आदिको चोरी गरी गरिने बैंकिक कसुर, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुऱ्याइने क्षतिलगायत अवैधानिक कार्यलाई पनि विश्वका अधिकांश मुलुकका कानुनले साइबर अपराध मानेको छ ।

कम्प्युटर, मोबाइल र इन्टरनेटको प्रयोगमार्फतफेक आइडी बनाउने, सामाजिक सञ्जाल प्रयोग गरी गाली गर्ने, वेभसाइट ह्याक गर्ने, फोटो इडिट गरी स्वरूप परिवर्तन गर्ने, अश्लील फोटो/भिडियो पठाउने, सञ्जालमार्फत जिस्काउने, अपमान गर्ने, कल बाइपास, गैढ कानूनी इमेल, एसएमएस धम्कीदिने जस्ता कार्य नै साइबर अपराध (क्राइम) हो । त्यस्तै इन्टरनेटको प्रयोग गरी गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, धोकाधडी, क्रेडिट कार्ड तथा एकाउन्ट चोरी, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुर्याउने क्षति लगायत अवैधानिक कार्यलाई पनि साइबर अपराध मानिन्छ ।

**कहाँ र कसरी गर्ने उजुरी ?**

साइबर क्राइमको उजुरी प्रहरी कार्यालयमा दिन सकिन्छ । यद्यपी अपराधका विषयमा उजुरी दिन प्रहरी कार्यालयमै पुग्नुपर्ने व्यवस्था भएपनि साइबर अपराधबारे उजुरी दिन कार्यालयमै पुग्नुपर्छ भन्ने छैन । प्रहरीमा अनलाईनमार्फत् पनि उजुरी वा निवेदन दिन सकिने व्यवस्था गरिएको छ । त्यसको लागि निवेदन टाइप गरी प्रमाणसहित साइबर व्युरोको इमेल आइडीमा उजुरी पठाउन सकिन्छ । प्रमाणको रुपमा स्क्रीन सर्ट, परिचयपत्र, लिंक, भिडियो, अडियो, फोटो लगायत प्रमाण निवेदनसँगै पठाउनुपर्ने हुन्छ । यसबाहेक साइबर व्युरोले उपलब्ध गराएको फोन नम्बरमा घट्नाको बारेमा जानकारी दिई नाम टिपाएर उजुरी गर्न सकिने हुन्छ ।

पहिला अन्य अपराधको जसरी साइबर क्राइममा जुनसुकै जिल्ला अदालतमा मुद्दा दर्ता हुने व्यवस्था थिएन् । काठमाडौं जिल्ला अदालतमा मात्र साइबर क्राइमको मुद्दा दर्ता हुन्थ्यो ।

५ असार, २०८० मा बसेको मन्त्रीपरिषद् बैठकले सबै जिल्ला अदालतलाई यस्तो अधिकार दिने निर्णय गरेको छ । विद्युतीय कारोबार ऐन, २०६३ को दफा ६० को उपदफा ५ बमोजिम सोही ऐनको परिच्छेद ९ मा उल्लेख भए बमोजिमका कसुरहरूको शुरू कारवाही र किनारा गर्ने अधिकार सबै जिल्ला अदालतलाई दिइने निर्णय गरेको छ ।

**कसरी गरिन्छ यसको अनुसन्धान प्रकृया ?**

उजुरी परेपछि प्रहरीले उपलब्ध प्रमाणका आधारमा सुक्ष्म अनुसन्धान शुरु गर्दछ । प्रहरीले साइबर अपराध अनुसन्धान गर्नकै लागि साइबर ब्युरोको स्थापना गरी डिजिटल फरेन्सिक ल्याब सुधारको प्रयास सुरु गरेको छ । अपराधीले कतै न कतै डिजिटल प्रविधि प्रयोग गरेको हुन्छ भने प्रहरी पनि मोवाइलको लोकेसन, कल डिटेल या सामाजिक सञ्जालका क्रियाकलापको चेकजाँच गरी प्रारम्भिक अनुसन्धान शुरु गर्दछ । आरोपित व्यक्ति संलग्नता देखिए निजलाई पक्राउन गरी थप अनुसन्धान प्रकृया अगाडि बढाउँछ र प्रारम्भिक अनुसन्धान पश्चात सरकारी वकिलको कार्यालय मार्फत अदालतमा साइबर काइमको अभियोग दर्ता हुन्छ । अदालतमा अभियुक्तको बयान तथा पीडितको बकपत्र लगायतका बाँकी अनुसन्धान कार्य पुरा गरी अदालतमा फैसला सुनाउने गर्दछ ।

**के छ दण्ड सजायको व्यवस्था ?**

नेपालमा विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ प्रयोग गरेर साइबर अपराधको मुद्दा चलाउने गरिएको छ । अपराध पुष्टि भएमा अपराधको प्रकृति हेरी बढीमा तीन लाख रुपैयासम्म जरिवाना र पाँच बर्षसम्म कैद सजायको व्यवस्था गरिएको छ । अपराधको प्रकृति र कसूरको गाम्भिर्यतालाई हेरेर कैद तथा जरिवाना कम बढी गर्ने स्वविवेकिय अधिकार न्यायाधीशमा रहेको हुन्छ । पीडितलाई पुग्न गएको क्षतिलाई विचार गरेर कसूरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराईदिने व्यवस्था पनि कानूनमा गरिएको छ ।

**उजुरी गर्ने म्याद कति हुन्छ ?**

साइबर क्राइम सम्बन्धी कसूर ठहर्ने कुनै कार्य भएमा त्यस्तो कसूर भए गरेको थाहा पाएको मितिले पैतीस दिनभित्र उजुरी गरिसक्नुपर्ने हुन्छ ।

**निष्कर्ष:**

जुनसुकै अपराधका दोषी उम्किनुहुँदैन् । पछिल्लो समयमा इन्टरनेटको प्रयोग गरी व्यक्तिको चरित्र हत्या गर्नेदेखि ठगी गर्ने, इमेल र बैंक अकाउण्ट ह्या गरी रकम चोर्नेजस्ता अपराध हुन थालेको छ । साइबर क्राइमबाट पीडित जो सुकैले न्याय पाउनुपर्दछ । अर्को कुरा सामाजिक संजालको प्रयोग कसरी गर्ने भन्नेतर्फ सबै प्रयोगकर्तालाई सचेत रहनु जरुरी छ । आफूलाई पर्न गएको मर्काको सम्बन्धमा उजुरी दिई अपराधीलाई कारवाहीको दायरामा ल्याउन जरुरी देखिन्छ ।

**जनहितका लागि**
**डाक्नेश्वरी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय पातो, सप्तरी**

# अन्तर्राष्ट्रिय समाचार

## दिल्लीको पानीको अभाव

**नयाँदिल्ली**/गर्मीको समयमा सहर लगातार तातो हुँदै जाँदा शनिबार राजधानी दिल्लीका केही भागमा ट्याङ्करबाट पानी ल्याउन मानिसहरूको लामो लाइन देखिएको थियो ।

गर्मीमा राजधानी दिल्लीमा पानीको अभावका कारण मयूर विहार क्षेत्रका गाउँ, सञ्जय कलोनी, ओखला क्षेत्र र गीता कलोनीका मानिसहरू लाइनमा उभिएर क्यान र बाल्टी समातेर पानीको ट्याङ्कर वरिपरि घुमिरहेको बिहानको दृश्यले देखाएको छ ।

बढ्दो तापक्रमको बीचमा, यी दृश्यहरू यो वर्षको गर्मी मौसम सुरु भएदेखि नै राजधानी क्षेत्रमा दैनिक घटना बनेका छन् ।

यसैबीच, पानी सङ्कटमा राजनीतिक खिचातानी बीचमा, दिल्लीकी जलमन्त्री आतिशी शुक्रबार हरियाणा सरकारले दिल्लीको पानी नछोडेको आरोप लगाउँदै अनिश्चितकालीन भोक हडतालमा बस्नु भएको छ ।

यसैबिच, दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवालकी पत्नी सुनीता केजरीवालले न्यायिक हिरासतमा रहेका मुख्यमन्त्रीको सन्देश पढ्दै दिल्लीका जनता पानीको अभावबाट पीडित भएको देखेर अरविन्द केजरीवाल दुःखी भएको बताउनु भयो ।

उहाँले "केजरीवाल टिभीमा दिल्लीका मानिसहरू पानीको अभावका कारण पीडाको सामना गर्न बाध्य भएको देखेर आफुलाई दुःख लागेको भवना सम्प्रेषण गरिदिनु भयो । केजरीवालले आतिशीको 'तपस्या' सफल हुने र दिल्लीवासीले पानीको समस्याबाट राहत पाउने आशा सहित अतिशीलाई शुभकामना दिनुभयो । यद्दपी भारतीय जनता पार्टीले भने पानी सङ्टलाई लिएर दिल्ली सरकारलाई आक्रमण जारी राखेको छ ।

भाजपाका सांसद बाँसुरी स्वराजले आप सरकारले "भ्रष्टाचारलाई प्रोत्साहित गर्ने" संकटलाई "योजनाबद्ध" गरेको आरोप लगाउनुभयो ।

पानीको सङट, प्राकृतिक सङ्कट नभई, केजरीवाल सरकारले आफ्नै भ्रष्टाचारलाई प्रोत्साहित गर्दै अवैध ट्याङ्कर माफियालाई प्रोत्साहित गर्ने योजना बनाएको बाँसुरी स्वराजले उल्लेख गर्नुभयो ।

उहाँले सहर सुख्खा भइ दिल्ली असहज अवस्थामा हुँदा केजरीवाल सरकार केवल नाटकमा लिप्त रहेको उल्लेख गर्दै मन्त्री आतिशीले पर्याप्त कदम चाल्नुको सट्टामा केवल नाटकमा लिप्त भई दिल्लीवासीलाई अन्सनको धम्की दिइरहेको बताउनुभयो । एजेन्सी

## इटालीको डुङ्गा दुर्घटनामा मृत्यु हुनेको संख्या ३४ पुग्यो

**रोम**/इटालीको तटरक्षकले यस हप्ताको सुरुमा दक्षिणी तटमा भएको आप्रवासी जहाज दुर्घटनामा थप १४ जनाको शव फेला परेसँगै र मृतकको सङ्ख्या ३४ पुगेको पुष्टि गरेको छ ।

"यस हप्ताको सुरुमा क्यालाब्रियाको तटमा भएको डुङ्गा दुर्घटनामा ११ जनाको उद्धार गरिएको थियो भने ६० भन्दाबढी बेपत्ता भएका थिए", तटरक्षकले एक विज्ञप्तिमा जानकारी गरायो । बेपत्ता व्यक्तिको लागि हवाई एवम् समुद्री खोजी जारी रहेको बताएको छ ।

तटरक्षकले बिहीबार महिला र बालबालिका सहित १२ जनाको शव फेला परेको जानकारी गराएको हो । यस हप्ताको सुरुमा मेडिकल च्यारिटी डक्टरस विदाउट बोर्डर्स (एमएसएफ) ले कम्तीमा २६ जना बालबालिकासहित ६६ जना बेपत्ता भएको जानकारी दिएको थियो।

जर्मन सहायता समूह 'रेस्क्युशिप'का अनुसार सोमबार इटालीको लम्पेडुसा टापुमा डुबेको आप्रवासी डुङ्गामा १० जनाको शव फेला परेको थियो ।

संयुक्त राष्ट्रसङ्घको आप्रवासनका लागि अन्तर्राष्ट्रिय सङ्गठनका अनुसार गत वर्ष भूमध्यसागरमा करिब तीन हजार एक सय ५५ आप्रवासीको मृत्यु र बेपत्ता भएका थिए । यस वर्ष अहिलेसम्म एक हजारभन्दा बढीको मृत्यु र बेपत्ता भएका छन् ।

उत्तरी अफ्रिका र इटाली र माल्टाबीचको क्षेत्र भूमध्यसागर विश्वको सबैभन्दा घातक ज्ञात आप्रवासन मार्ग हो । एजेन्सी

## भारतमा परीक्षा सञ्चालन नियन्त्रण सम्बन्धी नयाँ कानुन लागू

**नयाँदिल्ली**/भारत सरकारले शुक्रबार राति परीक्षा सञ्चालन नियन्त्रण सम्बन्धी नयाँ कानुन लागू गरेको छ ।

नयाँ कानुनले कलेज भर्ना वा सरकारी जागिरका लागि परीक्षा सञ्चालनमा हुने अनियमितता वा भ्रष्ट अभ्यासमा संलग्न हुनेलाई १० वर्षको जेल र १० मिलियन भारतीय रुपैयाँको मौद्रिक जरिवाना जस्ता दण्डात्मक प्रावधानहरू समावेश गरेको छ ।

यस वर्षको फेब्रुअरीमा भारतीय संसदले पारित गरेको नयाँ कानुन सार्वजनिक परीक्षा (अनुचित साधनहरूको रोकथाम) ऐन, २०२४ शुक्रबारदेखि लागू गरिएको छ ।

राष्ट्रियस्तरका प्रमुख परीक्षाहरूको प्रश्नपत्र बारम्बार बाहिरिने घटनालाई लिएर सङ्घीय सरकारको राष्ट्रिय परीक्षण एजेन्सीविरुद्ध देशभर विद्यार्थी र नागरिक समाज समूहले गरेको व्यापक विरोध प्रदर्शनको परिणामस्वरुप यो महत्वपूर्ण कानुन लागू भएको हो । एजेन्सी

# नीति तथा योजना आयोगको उपाध्यक्षमा डा. साह नियुक्त

**राजविराज**/मधेश प्रदेश सरकारले नीति तथा योजना आयोगको उपाध्यक्षमा डा. सोहन साहलाई नियुक्त गरेको छ ।

उनलाई बिहीबार मुख्यमन्त्री सतिश सिंहले नीति तथा योजना आयोगको उपाध्यक्षमा नियुक्त गरेका हुन् ।

उनी बिहीबारै पद तथा गोपनियताको शपथ लिएर पदभार ग्रहण गरेका छन् ।

डा. साह यसअघि जनमत पार्टी सरकारमा रहँदा उसको कोटामा नीति तथा योजना आयोगको सदस्य भएका थिए ।

# वडाअध्यक्ष कार्यवाहक प्रमुख र उपप्रमुख बने

**महोत्तरी**/भ्रष्टाचार आरोपमा प्रमुख उपप्रमुखसहित १२ जना निलम्वनमा परेपछि जलेश्वर नगरपालिकामा वडा अध्यक्ष कार्यवाहक प्रमुख र उपप्रमुख बनेका छन् ।

जलेश्वर नगरपालिकाले कार्यपालिका सदस्यमध्येबाट बहुमतीय प्रणालीका आधारमा कार्यवाहक प्रमुखमा वडा नं ९ का वडाध्यक्ष रवीन्द्र यादव र उपप्रमुखमा वडा नं ३ का वडाध्यक्ष रतन चौधरीलाई चयन गरेको हो ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गत वैशाख २७ गते जलेश्वर नगरपालिकाका प्रमुख र उपप्रमुखसहित १२ जनामाथि विशेष अदालतमा भ्रष्टाचार कसुरमा मुद्दा दायर गरेपछि नगरपालिकाको कामकाज प्रभावित भएको थियो ।

आर्थिक वर्ष २०७९/८० मा नगरपालिकाद्वारा वडा नं १ मा अवस्थित वरुण सरोवर पोखरीको दक्षिण र पश्चिम डिलमा रहेको हाट बजारमा पिसीसी ढलान कार्यमा भ्रष्टाचार भएको उजुरी निवेदन सम्बन्धमा अख्तियारले अनुसन्धान गरी अदालतमा मुद्दा दायर गरेको थियो ।

मुद्दा दायर भएपछि नगरपालिकाका प्रमुख सुरेश साह सोनार, उपप्रमुख रौशन खातुन, वडा नं १ का वडाध्यक्ष अनिलकुमार झा, कार्यपालिका सदस्य सोगरा खातुन, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत मित्रलाल ढकाल, वरिष्ठ इञ्जिनियर पवनकुमार झा, अधिकृत छैटौं धीरेन्द्र झा, इञ्जिनियर राकेशकुमार चौधरी, सवइञ्जिनियर दिपेशकुमार साह, त्यसैगरी उपभोक्ता समितिका अध्यक्ष राकेशकुमार साह, सचिव सिकेन्द्र चौधरी र कोषाध्यक्ष सन्तोषी देवी निलम्वन तथा कारबाहीमा परेका थिए ।

उनीहरुले हाटबजारमा भएको वास्तविक ढलान कार्यभन्दा बढी कार्य भएको भनी गलत विवरण तयार गरेको नापी किताब, कार्य सम्पन्न प्रतिवेदन, उपभोक्ताको बिल र अनुगमन प्रतिवेदन जाँच नै नगरी भुक्तानीका लागि पेस गरिएको टिप्पणी सदर गरी रु पाँच लाख ८४ हजार छ सय ३७ बढी भुक्तानी गरिएको भन्दै अख्तियारले उनीहरुविरुद्ध मुद्दा दायर गरिएको हो ।

# नदीमा अस्थायी तटबन्ध निर्माण सुरु

**राजविराज**/बलान नदीको पूर्वी किनाराको कटान रोक्न सुरक्षाकर्मीले अस्थायी तटबन्ध निर्माण थालेको छ ।

सिरहा र सप्तरी जिल्लाको सिमाना रहेको सप्तरी जिल्ला विपद् व्यवस्थान समितिको निर्णयअनुसार सो निर्माण कार्य थालिएको हो ।

मनसुन प्रतिकार्य योजनाअन्तर्गत बलान विहुल गाउँपालिका-४ बेल्हीस्थित निर्माणाधीन बाँधमा बाढीबाट कटान भएपछि सशस्त्र प्रहरी बल नेपाल ६ नम्बर गणबाट सशस्त्र प्रहरी निरीक्षक महेश कार्कीको नेतृत्वमा ३० जना सशस्त्र प्रहरी र नेपाली सेना बरख गण राजविराजबाट १५ जना नेपाली सेनाका जवान र नेपाल प्रहरी चौकी बेल्ही, सशस्त्र प्रहरी बोर्डर आउट पोष्ट बेल्हीका प्रहरीसहितको टोलीले तटबन्ध निर्माण थालेको हो ।

गत वर्ष जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयले बलान नदी नियन्त्रण योजनाअन्तर्गत रु तीन करोड ९९ लाख १७ हजार आठ सय ८५ को लागतमा बाँध बनाएको थियो ।

तर गत वर्षको अविरल वर्षाले बाँध भत्काएपछि जिल्ला विपद् व्यवस्थान समितिको अगुवाइमा तटबन्ध निर्माण थालिएको हो ।

### *डाक्नेश्वरीमा चार ...*

आम्दानी खर्च विवरण सार्वजनिक गर्नुपर्ने माग गरिएको छ ।

यस्तै राजनैतिक आस्थाका आधारमा हटाइएका कर्मचारीको पुनर्वहाली, कर्मचारीलाई दरबन्दी भएकै स्थानमा सरुवा गर्नुपर्ने लगायतका १४ बुँदे माग संघर्ष समितिले अघि सारेको छ ।

पत्रकार सम्मेलनमा जसपाका स्थानीय नेता तथा जसपा नगर समितिका अध्यक्ष लक्षण साह, बेचु साह, राजेश्वर राय, माओवादी केन्द्रका भुलाई राम, नेपाली काँग्रेसका भगवती प्रसाद यादव, लोसपाका नगर अध्यक्ष रामसागर मण्डल र सो पालिकाका वडा अध्यक्ष सत्रुधन मण्डल, भोगेन्द्र यादव र कुशेश्वर यादवको पनि उपस्थिति रहेको थियो ।

यता डाक्नेश्वरी नगरपालिकाका नगर प्रमुख रामलखन मुखियाले नगरपालिका भित्र कुनै आर्थिक अनियमितता नभएको र विपक्षिले अनावश्यक रुपमा बखेरा झिकेको बताएका छन् ।

### *समावेशी प्रमाणितका ...*

गतेसम्म इलाका प्रशासन कार्यालय बोदेबर्साइनबाट राष्ट्रिय परिचयपत्र विवरण दर्ता गराउन सक्ने सूचना मार्फत जानकारी गराइएको छ ।

यस्तै राजगढ गाउँपालिकाका सम्पूर्ण वडाका वासीहरुले सोही पालिकाबाट तथा तिलाठी कोइलाडी गाउँपालिकाका सम्पूर्ण वडाका वासीहरुले असार ५ देखी ९ गतेसम्म सोही पालिकाबाट राष्ट्रिय परिचयपत्र विवरण दर्ता गराउन सक्ने जनाइएको छ भने सुरुङ्गा नगरपालिकाका सम्पूर्ण वडाका वासीहरुले असार ६ देखी १० गतेसम्म सोही पालिकाबाट राष्ट्रिय परिचयपत्र विवरण दर्ता गराउने सक्ने प्रावधान मिलाइएको प्रशासन कार्यालयबाट जारि सूचनामा उल्लेख छ ।


## बालबालिकाप्रति असल व्यवहार गरौं

- बालबालिकालाई पर्याप्त समय दिऔं, उनीहरुको कुरा ध्यान दिएर सुनौं,
- उनीहरुको सोच र व्यवहार सकारात्मक बनाऔं,
- बालबालिकालाई स्नेह र माया गरौं,
- उनीहरुलाई आत्मनिर्भरताको बाटो देखाऔं,
- बालबालिकाको गतिविधिका बारेमा जानकार बनौं,
- उनीहरुको अभिभावकप्रतिको आशा र विश्वासलाई कायम राखौं,
- बालबालिकालाई सामाजिक तथा पारिवारिक निर्णयमा सहभागी गराऔं,
- परिवारका सदस्यबीच मीठो र मधुर बोलौं,
- बाल मस्तिष्कमा सकारात्मक प्रभाव पारौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



## बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : नवीन साप्ताहिक**



## बालविवाह विरुद्ध अपील
## “बालविवाह जिन्दगी तबाह”

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हनन्मात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी ब्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट ब्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ । उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

**अनुरोधकर्ता**

**तिरहुत गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, गोइठी, सप्तरी**


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : saptahiknavin@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np